# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
३ नं. प्रदेश, नेपाल

Visit Nepal 2020

प. सं. ०७६/७७ प्र. ज. वि. शा.
च. नं. २९६८

मिति २०७६/०९/१५

विषयः निर्णयको प्रतिलिपि पठाइएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०९/११ गते वसेको वैठकवाट पारित निर्णयको प्रतिलिपि पाना– २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(कुलबहादुर जी. सी.)
उपसचिव

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्ने व्यवस्था हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

Scanned by CamScanner

भरतपुर महानगरपालिकाको मिति २०७६/०९/११ गतेको ३७ औं कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

आ. व. २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको हालसम्मको समीक्षा सम्वन्धी प्रस्ताव बैठकमा छलफल गरी परिमार्जन सहित पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

महानगरपालिकाको चालु आ. व. वार्षिक बजेटको केही शीर्षकमा रु. ९७ करोड ३५ लाख ६७ हजार ९ सय थप गरी तयार भएको जम्मा रु. ४ अर्ब ३४ करोड ६६ लाख ८४ हजारको आ. व. ०७६/०७७ को पूरक वजेट पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिकाको सहकारी (प्रथम संसोधन) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ परिमार्जन सहित पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धमा व्यवस्थित गर्न वनेको विधेयक, २०७६ लाई पारिमार्जन सहित पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक, २०७६ लाई पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिकाको आर्थिक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ लाई पारित गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्तावित कानून बमोजिम योग्यता पुगेका मेलमिलापकर्ताहरुको सूची प्रकाशन गर्न नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

भरतपुर महानगरपालिकाको सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

जनसहभागिता वापत महानगरको संचितकोषमा जम्मा हुन आएको/आउने उपभोक्ता वा संघ/संस्थाको रकमलाई फिर्ता गर्ने सम्बन्धमा आवश्यक नीतिगत निर्णयका लागि नगर सभामा पेश गर्नुका साथै तपिसल बमोजिमका रकमहरु फिर्ता गर्ने निर्णय गरियो:-

Scanned by CamScanner

**तपसिलः**

८. वडा नं. ५ को जिवेली केराबारी मार्ग पिच निर्माण उपभोक्ता समितिको जनसहभागिता वापत वढी जम्मा भएको रकम रु. ७२,२४२।–

९. वडा नं. ९ को नमूना मार्ग पिच उपभोक्ता समितिको जनसहभागिता वापत बढी जम्मा भएको रकम रु. ६,८२,३४७।–

१०. वडा नं. १० को हिमाली टोल विकास संस्थाले जम्मा गरेको तर कार्य सम्झौता नभएको रकम रु. २८,४३,४८९।–

११. कार्यसम्पादन बमोजिमको लागत मूल्याङ्कन भन्दा वढी भएको रकम अनुसार वडा नं. ११ को शुभमार्ग पीच निर्माण उपभोक्ता समितिलाई रु. ८,५९५।- र भृकुटीमार्ग पिच निर्माण उपभोक्ता समितिलाई रु.१,२४,२२४।–

१२. वडा नं. १२ को घरेलु टोल विकास संस्थाले पिच तथा सतह ढल निर्माण गर्न जनसहभागिता वापत रकम जम्मा गरेको तर सम्झौता तथा काम नभएकोले रु. ६,५०,०००।–

१३. वडा नं. २३ को कसरा चोकदेखि लक्ष्मी मा. वि. पुल गेटसम्मको बाटो निर्माण उपभोक्ता समितिले जनसहभागिता वापत बढी जम्मा गरेको रु. १,२०,०००।–

१४. बायोग्यास प्लान्ट निर्माणको लागि नेपाल उर्जा विकास कम्पनी प्रा. लि. सँग सम्झौता भई कार्य संचालन नभएको धरौटी वापतको रकम संचित कोषमा जम्मा हुन गएको रकम रु. २५,०००।–

**निर्णय नं. १०**

चौथो नगर सभाबाट पारित वार्षिक नगर विकास योजनाको पूर्वाधार विकासतर्फ विनियोजित रु. ४ करोड ५३ लाख, युवा तथा खेलकुदतर्फ विनियोजित ४७ लाख र हरेक वडाबाट प्रति वडा रु. ५ लाखका दरले विनियोजित रु. १ करोड ४५ लाख गरी जम्मा हुन आउने रकम रु. ६ करोड ४५ लाख राष्ट्रिय एवं महानगरीय गौरबको आयोजना गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि बिल भरपाई पेश गर्ने गरी धुर्मुस-सुन्तली फाउन्डेसनलाई अनुदानको रुपमा उपलब्ध गराउन आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

चालु आ. व. २०७६/०७७ को नेपाल सरकारको वजेट बक्तव्य अनुसार स्थायी कर्मचारीको तलब भत्ता वृद्धि भएको तर महानगरमा करार तथा ज्यालादारी सेवामा कार्यरत सम्पूर्ण कर्मचारी तथा नगर प्रहरीहरुले पुरानै तलब भत्ता पाइरहेकोले आगामी माघ १ गतेदेखि लागू हुनेगरी आवश्यकताका आधारमा तलब वृद्धि गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२०७६।९।११

Scanned by CamScanner